नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

अब लोकसेवाको प्रथमपत्र पास गर्न ४५ अंक चाहिने

समाचार पृष्ठ ४ मा

● वर्ष २ ● अंक २४७ ● २०८१ साल श्रावण ११ गते शुक्रबार ● Friday 26, July 2024 ● सूर्योदयः बिहान ५:२६ बजे ● सूर्यास्तः साँझ ६:५७ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

मलेखुमा तीनवटा चितुवाको मृत्यु : धादिङको थाक्रे गाउँपालिका वडा नम्बर १० गढीमा मृतावस्थामा फेला परेको चितुवा । दुई वटा एकै ठाउँमा र एक वटा छुट्टै गरी स्थानीयले तीन वटा चितुवा मृतावस्थामा फेला पारेका हुन् । तस्बिरः शंकर श्रेष्ठ/रासस

पहिलो महिला मुख्यसचिव बनिन् लिलादेवी

मधेशदृष्टि
वीरगंज ।
नेपालको प्रशासनिक इतिहासमा पहिलो पटक महिला मुख्यसचिव बनेकी छन् । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले कायममुकायम मुख्यसचिव लिलादेवी गड्तौलालाई मुख्यसचिवमा नियुक्त गरेको छ । गड्तौला नेपालको पहिलो महिला मुख्यसचिव बनेकी हुन् । निजामती क्षेत्रको इतिहासमा २६ जना मुख्यसचिवले प्रशासनिक कमाण्ड सम्हाल्दा पहिलो पटक महिलाले नेतृत्वको अवसर प्राप्त गरेको हो ।

तत्कालीन मुख्यसचिव बैकुण्ठ अर्याल भ्रष्टाचार मुद्दामा निलम्बनमा परेसँगै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकी वरिष्ठ सचिव गडतौलालाई गत असार ३१ गतेको मन्त्रिपरिषद् बैठकले कायममुकायम मुख्यसचिवको जिम्मेवारी दिएको थियो । त्यसअघि असार ९ गते उनलाई निमित्त मुख्यसचिवको जिम्मेवारी तोकिएको थियो । बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले उनै गड्तौलालाई मुख्यसचिवमा नियुक्त गर्ने निर्णय गरेको हो ।

उमेर हदका कारण उनी आउँदो भदौ १५ बाट सेवा निवृत्त हुनेछिन् । उनी अबको करिब ३५ दिन मात्र उनी मुख्यसचिव रहनेछिन् । २०२३ साल भदौ १५ मा तेह्रथुमको साविकको पिप्ले हाल म्याङलुङ गाउँपालिकामा जन्मिएकी लीलादेवीले नेपाल ल क्याम्पसबाट आईएल र बीएल पास गरेकी छन् । २०५२ सालमा न्याय सेवा अन्तर्गत कानुन समूहबाट शाखा अधिकृत बनेकी थिइन् । शाखा अधिकृतमा पहिलो नम्बरमा उत्तिर्ण गड्तौला २०६३ मा उपसचिव, २०७० मा सहसचिव, २०७७ मा सचिव बनेकी थिइन् ।

योजना आयोगको उपाध्यक्ष र ६ सदस्य नियुक्त

मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय योजना आयोगको उपाध्यक्ष र ६ जना सदस्य नियुक्त गरेको छ । योजना आयोगको उपाध्यक्षमा प्राध्यापक डा. शिवराज अधिकारीलाई नियुक्त गरेको छ । अधिकारी यसअघि योजना आयोगका सदस्य थिए । पाल्पाका अधिकारीले त्रिवि अर्थशास्त्र विभागको प्रमुखको रुपमा पनि उनले जिम्मेवारी सम्हालिसकेका छन् । त्यस्तै, आयोगका सदस्यहरुमा डा. आरती बिछार, डा. रमेश प्रसाद सिंह, डा. प्रकाशकुमार श्रेष्ठ, गीताकुमारी पौडेल अधिकारी, डा. जयबहादुर टण्डन र गंगादत्त अवस्थीलाई पनि नियुक्त गरिएको सञ्चार तथा सूचना प्रविधिमन्त्री तथा सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

बेचनलाई थुनामुक्त गर्न सर्वोच्चद्वारा अस्वीकार

मधेशदृष्टि
वीरगंज ।
नक्कली भुटानी शरणार्थी प्रकरणमा थुनामा रहेका बेचन झालाई थुनामुक्त गर्न सर्वोच्च अदालतले अस्वीकार गरेको छ ।

बेचन झालाई हिरासतमा नराख्न माग गर्दै परेको बन्दी प्रत्यक्षीकरणसम्बन्धी रिट निवेदन सर्वोच्च अदालतले खारेज गरेको हो । बिहिबार न्यायाधीश टेकप्रसाद ढुंगानाको एकल इजलासले बन्दी प्रत्यक्षीकरण निवेदनमा अन्तिम आदेश गर्दै कानुन बमोजिम गर्नु भनी आदेश जारी गरेको हो ।

जिल्ला अदालत काठमाडौँले संगठित अपराधमा अनुसन्धानका लागि पटक–पटक म्याद थप गरेर थुनामा राखेपछि झाका तर्फबाट छोरा दिब्यान्सु शेखर झाले २०८१ असार ३० गते बन्दी प्रत्यक्षीकरणको निवेदन दर्ता गराएका थिए । उक्त निवेदनमा दुई पटकसम्म पेशी तोकिए पनि झा पक्षले निवेदन दिएर सार्दै आएको थियो ।

सर्वोच्चले सो रिट खारेज गरिदिएपछि अब झालाई ६० दिनसम्म हिरासतमा राखेर अनुसन्धान गर्न बाटो खुलेको छ ।

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने प्रकरणमा बिचौलिया भूमिका निर्वाह गरेको आरोपमा झालाई प्रहरीले असार १५ गते पक्राउ गरेको थियो ।

बम्जनलाई सिन्धुपाल्चोक पुर्याइयो

मधेशदृष्टि
सर्लाही ।
बालयौन दुरुपयोग मुद्दामा दोषी ठहर भएका 'तपस्वी' रामबहादुर बम्जनलाई सिन्धुपाल्चोक पुर्याइएको छ । मानव बेचबिखन र व्यक्ति बेपत्ता मुद्दामा थप अनुसन्धानका लागि सर्लाहीबाट बम्जनलाई सिन्धुपाल्चोक ल्याइएको पुर्याइएको हो । बम्जन विरुद्ध जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकमा मानव बेचबिखन र व्यक्ति बेपत्ताको दुईवटा मुद्दा रहेकाले सोको अनुसन्धान एवम् बयानका लागि बम्जनलाई सिन्धुपाल्चोक पुर्याइएको हो ।

बम्जन २०७१ साल असोज महिनामा सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका वडा न ५ बाँडे गाउँमा आएका थिए । हेलिकोप्टर चार्टर गरेर आएका बम्जनले बाँडेगाउँस्थित टोड्के भीरमा २५ जना सहयोगी सहित आश्रम बनाएर बसेका थिए । झण्डै डेढ वर्ष सिन्धुपाल्चोक बसेका बम्जनमाथि सिन्धुपाल्चोक नै बसेका बेलामा ३ जना व्यक्ति बेपत्ता पारिएको आरोप लागेको छ ।

नुवाकोट मेधाङ गाउँपालिका वडा नम्बर ३ की २९ वर्षीया चिनीमाया तामाङ, हेटौँडा उपमहानगरपालिका वडा नम्बर १३ का ५१ वर्षीय सञ्चालन बाइबा र सोही उपमहानगरपालिका वडा नम्बर १६ की ३० वर्षिया फूलमाया रुम्बा बाँडेगाउँस्थित बम्जनको आश्रमबाट बेपत्ता भएका थिए ।

गत असार १० गते बाल यौन शोषण मुद्दामा दोषी ठहर भएका बम्जनलाई असार १७ गते सर्लाही जिल्ला अदालतले १० वर्ष कैद र पाँच लाख क्षतिपूर्तिको सजाय सुनाइसकेको छ । गत पुस २४ गते काठमाडौँको बूढानीलकण्ठ नजिकै घरबाट पक्राउ परेपछि बम्जनलाई सर्लाही पुर्याइएको थियो । प्रहरीले उनको घरबाट तीन करोड नेपाली रुपैयाँ र ४० लाख बराबरको विदेशी मुद्रासमेत फेला पारेको थियो ।

१२,१४७ चारपाङ्ग्रे विद्युतीय गाडी नेपाल भित्रिए

मधेशदृष्टि
वीरगंज ।
नेपालमा एक वर्षको अवधिमा १२ हजारभन्दा बढी चारपाङ्ग्रे गाडी भित्रिएका छन् । भन्सार विभागको तथ्याङ्क अनुसार गत आर्थिक वर्ष २०८०–०८१ मा १२ हजार एक सय ४७ वटा चारपाङ्ग्रे गाडी नेपाल भित्रिएका हुन् । यो तथ्याङ्क आर्थिक वर्ष २०७९–०८० को भन्दा १९२ प्रतिशतले धेरै हो । भन्सार विभागका अनुसार आर्थिक वर्ष आर्थिक वर्ष २०७९–०८० मा चार हजार पाँच सय १३ वटा विद्युतीय गाडी भित्रिएका थिए ।

आयात भएका विद्युतीय गाडी मध्ये सबैभन्दा धेरै चीनबाट आयात भएको तथ्याङ्कले देखाएको छ । चीनबाट नौ हजार पाँच सय ११ वटा विद्युतीय गाडी आयात भएको भन्सार विभागले जनाएको छ ।

चीनबाट आयात हुने गाडीमध्ये बीवाईडीको हिस्सा सबैभन्दा धेरै छ । चीनबाट ओमोडा, एमजी, डिपल, सेरेस, किङलङ, केवाईसी, नेटा, ग्रेट वाल मोटर्स लगायत गाडी भित्रिएका छन् । यस्तै नेपालमा आयात भएका विद्युतीय गाडीमध्ये भारतबाट तीन हजार चार सय ३६ वटा आयात भएका छन् । भारतबाट टाटा, सिट्रोन, महिन्द्रा जस्ता ब्रान्डका गाडी पनि भित्रिएका छन् । यसैगरी कोरिया, इन्डोनेसिया लगायतका देशबाट पनि विद्युतीय गाडीको आयात भएको छ ।

'चिकित्सकमाथि कुटपिटबाट अस्पतालमा भय'

वीरेन्द्र रमण
जनकपुरधाम
जानकी आँखा अस्पतालले अस्पतालमा कार्यरत रहेका चिकित्सकहरुमाथि कुटपिट भएको घटना पछि अस्पतालमा काम गर्ने वातावरण नभएको र भय त्रासको अवस्था सृजना भएको जनाएको छ । अस्पतालका पदाधिकारीले आयोजना गरेको पत्रकार सम्मेलनमा केही तत्वहरुले अस्पतालमा सेवा प्रवाह गरिरहेको चिकित्सकमाथि कुटपिट गरिएको घटनाबाट अस्पतालमा त्रासपूर्ण वातावरण सृजना भएको जनाएको छ ।

अस्पतालका कामु प्रशासकिय अधिकृत दिपेन्द्र सिंह र मेडिकल डाईरेक्टर डा. आशिष बोहराले जारी गरेको विज्ञिप्तमा 'अस्पतालको कुशल व्यवस्थापन र भरपर्दो सेवाका कारण केही नीजि अस्पतालहरुलाई व्यवसायिक मर्का परिरहेको हुनाले केही अस्पताल सञ्चालक, स्वास्थ्य माफिया र भुमाफिया तथा अपराधमा संलग्न व्यक्तिहरु संगठित भई अस्पतालको छविमाथि धुमिल पारेर हानी नोक्सानी पुर्याई अस्पताल समाप्त पार्ने षडन्त्र अन्र्तगत पटक–पटक अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरुमाथि हातपात, धाकधम्की दिने कार्य गर्दै आएको र पछिल्लो पटक प्रहरीकै उपस्थितिमा चिकित्सक र कर्मचारीमाथि भएको कुटपिटको घटना दुखद रहेको' जनाएको छ ।

विज्ञप्तिमा निजि क्षेत्रका स्वास्थ्य माफिया र अपराधिक समुहको वास्तविकतालाई बुझी नबुझी वा बुझा पचाई स्वास्थ्य सेवा र स्वास्थ्यकर्मीको हितमा कार्य गर्ने नेपाल मेडिकल एसोसियशन जस्तो गरिमामय संस्थासंग आवद्ध जनकपुर शाखाका केही उच्चपदस्थ पदाधिकारी समेतले चिकित्सक र स्वास्थयकर्मी माथि हातपात, अस्पताल तोडफोड र आक्रमण गर्ने गराउने कार्यमा संग्लन हुनु थप दुखद, आश्चर्यजनक र लजास्पद पक्ष रहेको जनाएको छ । अस्पतालले जारी गरेको विज्ञप्तिमा अस्पतालका कर्मचारीहरुलाई कुटपिटगर्नेहरुमाथि मुद्दासमेत दर्ता नगर्नु दुखद रहेको जनाएको छ ।

आँखा अस्पतालका प्रमुख डा.आशिष बोहराले अस्पताल जस्तो संवेदनशील ठाउँको सेवा अवरुद्ध गनु नहुने बताए । उनले नेपाल तथा भारतका गरेर दैनिक सात सय बढीले यहाँबाट सेवा सुविधा लिइरहेको अवस्थामा यसरी तालाबन्दी गरेर सेवा अवरुद्ध गर्नु हातपात गर्नु उचित नरहेको हुँदा विवाद सुल्झाउने तर्फ लागेको बताए । उनले प्रशासनमा ताला लगाए भने सेवाग्राही मार्कामा पर्ने हुँदा अस्पतालको सबै सेवा खुला राख्नुपर्ने हुन्छ तर, यहाँ प्रशासनमा ताला लगाउने चिकित्सकको कार्यकक्षमै गएर हातपात गर्ने, ढोका फुटाउने जस्ता क्रियाकलाप हुँदा चिकित्सको ज्यान जोखिममा राखेर सेवा दिन नसकिने बताए ।

उनले संघर्ष समितिले राखेका माग र लगाएको आरोप निराधार रहेको बताए । अस्पतालको सामान टेण्डर प्रक्रियाबाट खरिद भएको हुँदा भ्रष्टाचार गर्ने ठाउँ नै नरहेको दाबी गर्दै उनले भने, 'जुन विषयलाई लिएर यहाँ विवाद भएको छ, त्यसको कुनै आधार नै छैन, सबै बलजस्ती आरोप र हातपातसम्म गर्न उत्रेका छन् ।'

अस्पतालका प्रमुख डा. बोहराले संक्रमणकालीन अवस्थामा अति आवश्यक परेका बेला डा.अमितलाई करारमा खटाइएको र करार अवधि सकिएपछि छ महिना पहिले विदाई पत्रसमेत दिइएको बताए । उनले भने 'डा. अमितले यसअघि पनि अस्पतालमा यसरी हुलदंगा गर्नुभएको थियो, उहाँ जबरस्ती काम गरी रहनु भएको छ, यस्तै डा. सन्तोष साहलाई हामीले बोलाएका होइन, उहाँको बुवा जानकी आँखा अस्पतालमा काम गर्ने हुँदा अभ्यासका लागि यहाँ ल्याउनु भएको हो, । डा. रञ्जना ठाकुरलाई पनि मन्त्रालयले काजमा पठाएको थियो र उहाँलाई पनि मन्त्रालयले पारिश्रमिक दिएको थियो । त्यसकारण जति पनि आरोप लगाएका छन सबै निराधार छन् । आवश्यक परे प्रमाण पनि दिन सकिन्छ ।'

अध्यक्ष नरेश सिंहले समेत आफुहरु अस्पताल आउँदा अस्पताल सुधारको धेरै कार्यहरु गरेको तर माफियाहरुको चलखेल बन्द भएपछि उनिहरु विभिन्न निहुमा अस्पतालमा अराजकता मचाउन खोजेको आरोप लगाए । अस्पताल प्रागाणमा सेवाहरु अवरोध गरेर धर्नामा बसेका सर्वदलीय तथा सर्वपक्षीय संर्घष समितिलेका संयोजक राम सिंहले समेत पत्रकार सम्मेलन गरेर आफूहरुको आन्दोलन अस्पताल सुधारको लागि भएको जनाएका छन् ।

अस्पताललाई आफ्नो नीजि संस्था जस्तो बनाइएकोले त्यसका विरुद्ध आफूहरुले संर्घष गर्नुपरेको उनको भनाइ छ ।

मेरो सफलताको एउटै कारण भन्नुपर्दा कुनै पनि बाहाना नबनाउनु हो ।
– फ्लोरेन्स नाइटिंगेल

सम्पादकीय

किन रोकिदैन बालविवाह ?

सरकारको अनेकन प्रयासका बावजुद पनि बालविवाह रोकिएको छैन । समाजको चेतना स्तर बढ्दै गए पनि बालविवाह घटेको तथ्यांकहरूले देखाउँदैन । यसलाई नियन्त्रण गर्न सरकारी प्रयास भए । तर, पनि अपेक्षित सफलता हासिल हुन सकेको छैन । केन्द्रीय तथ्यांक विभागको तथ्यांकअनुसार तराई मधेशमा बढी बालविवाह हुने गरेको छ । तराईका २० जिल्लामा बालविवाहको दर ४२.२ प्रतिशत छ । पहाडी जिल्लामा ३२.६ प्रतिशत र हिमाली जिल्लामा ३३.१ प्रतिशत छ । तराईमा पनि महोत्तरी, सर्लाही, धनुषा, रौतहट आदि जिल्लामा बालविवाहको दर निकै उच्च पाइन्छ ।

देशका सबै भूभागमा जकडिएको बालविवाहको मुख्य कारण अशिक्षा, जनचेतनाको कमी, दाइजोप्रथा, कम विकास आदि छन् । तर, पछिल्लो समय सूचना प्रविधिको विकासका कारण बालविवाहको स्वरूपमा भने केही बदलिएको छ । पहिला अभिभावकले जबर्जस्ती बालविवाह गरिदिने प्रचलन थियो । तर, अहिले अभिभावकले नचाहँदा पनि भागेर बालविवाह गर्ने प्रचलन बढेको छ । यसको मुख्य कारण देखासिखी र सूचना प्रविधिको विकास र त्यसको दुरुपयोग हो । तर, कानुनी रूपमा यसबिरुद्ध उपचार खोजिने क्रम भने न्यून छ । नेपाल प्रहरीका अनुसार पछिल्लो पाँच वर्षमा बालविवाहसम्बन्धी केवल ३ सय ३८ वटा मात्र मुद्दा परेका छन् । बालविवाहको समस्या निकै लामो समयदेखि विद्यमान छ तर यसलाई रोक्न सरकारी प्रयास पर्याप्त छैनन् । सरकारले बालविवाह रोक्न विभिन्न कानुन ल्याएपनि कानुनको डर समाजमा रहेपनि बालविवाह भने रोकिएको छैन । यो एकदमै गम्भीर कुरा हो । विभिन्न कानुन र दण्ड–सजाय तोकिएपनि यो नरोकिनुमा समाजमा चेतानाको कमि छ मात्र भनेर भन्न सकिन्न । समाजका अधिकत्म व्यक्ति चेतनशील छन् तर, यसलाई रोक्न समाजबाट पनि जुन किसिमको प्रयत्न हुनु पथ्यो त्यो देखिएको छैन । कहिन कहि हामी बालविवाह नरोकिनुमा हाम्रो समाज पनि उति कै दोषी छ, जति कि बालविवाह गराउनेहरु छन् । सरकारले यो कुरा पक्कै पनि बुझेको हुनु पर्छ । बालविवाह कानुन र सजाय तोकेर मात्र रोक्न सकिन्न । यो समाजमा चेतना फैलाएर मात्र बालविवाह न्युनिकरण गर्न सकिन्छ । तर कस्तो चेतना, बालविवाह गरे यति वर्ष जेल यति रुपैयाँ जरिवाना जस्ता कुरा गरेर बालविवाह न त रोकिएको छ, न त रोकिन्छ । सरकारले स्थानीय तहसँगको समन्वयमा बालविवाह गर्दा भविष्यमा आइपर्ने शारीरिक र मानसिक जटिलताका बारेमा जानकारी दिनु पर्छ । बालविवाहलाई रोक्न देशका कतिपय स्थानीय तह तथा वडा कार्यालयहरुले विवाह पूर्व सिफारिस लिनु पर्ने प्रावधान बनाएका छन् । यो एक किसिमको प्रभावकारी बन्न सक्छ ।

बालविवाह मानवअधिकारको गम्भीर भएकाले नेपाल सरकारले यसको रोकथामका लागि बहुआयामिक रणनीति अवलम्बन गर्नुपर्छ । शिक्षा, चेतनामूलक कार्यक्रम र कानुनी कार्यान्वयनमा जोड दिनुपर्छ । सरकारसँगै परिवार र समाजको पनि बालविवाह रोकथाममा उत्तिकै भूमिका हुने गर्छ । बालबिवाहका कारण सम्बन्ध बिच्छेदका घटना पनि बढेको छ । परिवार मात्र बिग्रेको छैन, यसले स्वास्थ्यका साथै आर्थिक र सामाजिक रूपमा असर परेको छ । बालविवाहले प्रजनन स्वास्थ्य समस्या, लैंगिक हिंसा, घरेलु हिंसा, शिक्षाबाट बञ्चित, आर्थिक परनिर्भरता बढाएको छ । त्यसैले सरकारले नीति निर्माण मात्र हैन, त्यसको व्यावहारिक कार्यान्वयनमा तीनै तहको सरकार गम्भीरताका साथ लाग्न जरुरी छ । साथै परिवार र समाजले पनि बालबिवाह विरुद्धको अभियानलाई प्रभावकारी कार्यान्वयनमा साथ दिएर देशलाई बालविवाह मुक्त बनाउन सहयोग गर्नुपर्छ ।

हाम्रो विद्यालय शिक्षाः गुणस्तर किन कमजोर ?

पुनिता कुमारी साह

“प्राथमिक तहमा बीचैमा पढाइ छाड्ने दर करिब ५ प्रतिशत छ भने माध्यमिक तहमा यो दर १५ प्रतिशत रहेको सरकारी तथ्याङ्कमा देखिन्छ । बीचैमा पढाइ छाड्ने प्रवृत्ति सम्बन्धी तथ्याङ्कले शहरका विद्यालयहरूको तुलनामा गाउँमा पढाइ छाड्ने दर वढी भएको देखाउँछ । अझ चिन्ताको विषय त विद्यालय बीचैमा छाड्ने प्रवृत्ति छोराहरूमा भन्दा छोरीहरूमा बढी छ ।”

पृष्ठभूमि

नेपालको विद्यालय शिक्षा प्रणालीमा पछिल्ला केही दशकमा महत्वपूर्ण उपलब्धि हासिल भएका छन् । हाम्रो विद्यालय शिक्षाको मुख्य उद्देश्य देशका सबै बालबालिकालाई गुणस्तरीय शिक्षा दिनु हो । अनेक योजना, कार्यक्रम, थुप्रै लगानी लगायतका प्रयास गरिएका भए पनि विद्यालय भर्ना, विद्यार्थीहरूले बीचैमा विद्यालय छाड्ने दर र शिक्षाको गुणस्तरमा धेरै चुनौती अझै पनि कायम छन् ।

यो आलेखमा हाम्रो शिक्षा प्रणालीको वर्तमान अवस्थाको विहङ्गम् विश्लेषण गर्ने प्रयाश गरिएको छ । विद्यालयमा बालबालिकाको भर्ना दर, विद्यालयमा पढ्ने विद्यार्थीहरूको लैङ्गिक अनुपात, विद्यालय छाड्ने प्रवृत्ति, सरकारको लगानी र कक्षा एक देखि कक्षा १२ सम्मका विद्यार्थी पढ्ने विद्यालय शिक्षाको गुणस्तर जस्ता पक्षमा यो लेखमा विश्लेषण गरिएको छ ।

१. विद्यालय भर्नाको स्थिति

सार्वजनिक रूपमा उपलब्ध पछिल्लो तथ्याङ्क अनुसार, नेपालमा कक्षा १ देखि १२ सम्मको विद्यालय भर्ना संख्यामा, अघिल्लो दशकको तुलनामा उल्लेख्य वृद्धि भएको छ । शिक्षा, विज्ञान, तथा प्रविधि मन्त्रालयका अनुसार, विद्यालय शिक्षा अन्तर्गत कूल भर्ना संख्या लगभग ७५ लाख विद्यार्थी छ । अर्थात् नेपालका सबै विद्यालयमा गरी जम्मा ७५ लाख विद्यार्थी भर्ना भएका छन् । यो तथ्याङ्कमा सरकारी स्वामित्वका सार्वजनिक र निजी विद्यालय दुबै प्रकारका विद्यालयहरू समावेश छन् । यी मध्ये प्राथमिक तहमा (कक्षा १ देखि ५ सम्म) मा भर्ना भएका बालबालिकाहरूको संख्या माथिल्ला कक्षाहरूमा भन्दा वढी छन् ।

२. विद्यालय भर्नामा लैङ्गिक अनुपात

विद्यालय भर्नामा लैङ्गिक अनुपातमा असमानता देखिन्छ । तर, पछिल्ला वर्षहरूमा गरिएका विभिन्न प्रयासको परिणाम स्वरूप छोरा र छोरीको भर्ना अनुपातमा तुलनात्मक रूपमा समानता आउँदै गएको पाइन्छ । छात्र र छात्राको विद्यालय भर्नाको वर्तमान अनुपात १:०.९७ छ । अर्थात्, १०० छात्र विद्यालय भर्ना भएकोमा ९७ जना छात्रा भर्ना भएका छन् । केही वर्ष अघिको स्थितिसँग तुलना गर्ने हो भने यो तथ्याङ्क निक्कै उत्साहजनक छ । यही क्रम जारी राख्न सकियो भने यो स्थितिमा अझै सुधार ल्याउन सकिन्छ । विद्यालयमा पढ्ने विद्यार्थीहरूमा छोरा र छोरी बराबर हुन्, दुबैको पढाइ गुणस्तरीय होस् भन्ने हाम्रो चाहना भावि दिनमा पूरा हुनेछ भन्ने आशा गर्न सकिन्छ ।

३. विद्यालय छाड्ने दर र प्रवृत्ति

बालबालिका विद्यालय भर्ना हुने संख्या वृद्धि हुँदै गए पनि, पढाइ पूरा नगरी बीचैमा विद्यालय छाड्ने दर चाहिँ हाम्रो विद्यालय शिक्षामा चिन्ताको विषय बनेको छ । प्राथमिक तहमा बीचैमा पढाइ छाड्ने दर करिब ५ प्रतिशत छ भने माध्यमिक तहमा यो दर १५ प्रतिशत रहेको सरकारी तथ्याङ्कमा देखिन्छ । बीचैमा पढाइ छाड्ने प्रवृत्ति सम्बन्धी तथ्याङ्कले शहरका विद्यालयहरूको तुलनामा गाउँमा पढाइ छाड्ने दर वढी भएको देखाउँछ । अझ चिन्ताको विषय त विद्यालय बीचैमा छाड्ने प्रवृत्ति छोराहरूमा भन्दा छोरीहरूमा वढी छ । माध्यमिक तहमा यो दर अझ धेरै रहेको तथ्याङ्क युनिसेफको एउटा प्रतिवेदनले देखाउँछ ।

४. विद्यालय छाड्ने कारणहरू

पढाइ पूरा नगरी बीचैमा विद्यालय छाड्ने प्रवृत्तिका लागि विभिन्न कारण जिम्मेवार देखिन्छन्:

आर्थिक समस्याः गरीब वर्गका अभिभावकले आफ्ना बच्चाहरूको शिक्षासँग सम्बन्धित खर्चहरू, जस्तै पोशाक, कापी कलम, र यातायात खर्च धान्नै सक्तैनन् ।

बाल श्रमः विशेष गरी ग्रामीण क्षेत्रमा परिवारको कमजोर आर्थिक अवस्थाका कारण बालबालिकाले समेत काम गर्नु पर्ने बाध्यता छ । दिनभरी काम गरेर कमाउनु पर्ने हुनाले बालबालिका विद्यालय जान पाउँदैनन् र उनीहरूको पढाइ बीचैमा रोकिन्छ ।

बाल विवाहः हाम्रो सांस्कृतिक परम्परा र सामाजिक दबावका कारण विशेष गरी छोरीहरूको सानै उमेरमा विवाह गरी दिने चलन व्याप्त छ । विद्यालय बीचैमा छाड्ने यो पनि एउटा कारण बनेको छ ।

संरचनाको कमीः विद्यालयमा सुविधाको अपर्याप्तता र विद्यालय घरबाट टाढा हुनु बीचैमा पढाइ छाड्नु अर्को कारण देखिएको छ ।

शिक्षाको गुणस्तरः शिक्षामा खस्कँदो गुणस्तर, समय अनुसारको आधुनिक शिक्षण विधिको अभाव, प्रविधिको प्रयोग नहुनु जस्ता कारणले पनि विद्यार्थीहरूमा पढाइ प्रति चासो कम भएको छ र अन्ततः विद्यालय छाड्ने प्रवृत्ति बढ्छ ।

५. विद्यालय शिक्षामा सरकारी लगानी

नेपाल सरकारले विद्यालय शिक्षा क्षेत्रमा लगानी बढाइरहेको छ । माध्यमिक तह सम्मको विद्यालय शिक्षामा ठूलो लगानी छुट्याइएको छ । सन् २०२३र२४ को आर्थिक वर्षमा, सरकारले शिक्षा क्षेत्रलाई करिब १८० अर्ब रुपैयाँको वजेट छुट्याएको छ । यो लगानीको उद्देश्य संरचनामा सुधार गर्ने, छात्रवृत्ति दिने, र शिक्षक तालिम कार्यक्रमलाई सुदृढ गर्ने हो । यद्यपि, यी लगानीहरूको प्रभावकारिता अहिले पनि बहसको विषय बनेको छ । कतिपय शिक्षा विद् यति लगानी अपुग भएको भन्दैछन् ।

६. शिक्षाको गुणस्तर

नेपालका माध्यमिक विद्यालयको शिक्षाको गुणस्तरको हिसाबले सरकारी स्वामित्वका सार्वजनिक विद्यालय र नाफा कमाउन खोलिएका निजी विद्यालयका बीचमा ठूलो भिन्नता देखिन्छ । निजी विद्यालयहरूमा सामान्यतया राम्रो भौतिक सुविधा उपलब्ध गराएर अभिभावकलाई आकर्षित गरिन्छ । सरकारी विद्यालयमा जत्तिको योग्य, तालिम प्राप्त र दक्ष शिक्षक नभए पनि निजी विद्यालयहरूले परीक्षामा राम्रो परिणाम ल्याउन शिक्षकहरूलाई वढी मेहनत गराउँछन् र सिक्ने वातावरण अनुकूल बनाउँछन् । तर अधिकांश सार्वजनिक विद्यालयहरू अपर्याप्त स्रोत, धेरै विद्यार्थी संख्या, शिक्षकहरूमा जिम्मेवारीबोधको कमी, विद्यालयमा राजनीतिकरण जस्ता समस्याले ग्रस्त पाइन्छ । यस्तो स्थितिमा निजी विद्यालयले परीक्षामा राम्रो परिणाम ल्याउँछन् र सार्वजनिक विद्यालयका विद्यार्थी उतीर्ण हुने प्रतिशत जहिले पनि निक्कै कम हुने गरेको छ ।

७. सरकारी र निजी विद्यालय बीच उतीर्ण प्रतिशतको तुलना

पछिल्ला पाँच वर्षमा, माध्यमिक शिक्षा परीक्षामा एसइइ उतीर्ण प्रतिशतमा निजी विद्यालय सरकारी विद्यालयको तुलनामा धेरै माथि देखिन्छन् । उदाहरणका लागि, सन् २०२३ मा, निजी विद्यालयहरूको उतीर्ण प्रतिशत करिब ९० थियो भने सरकारी विद्यालयहरूको ६० प्रतिशत मात्र थियो । यो भिन्नताले सार्वजनिक शिक्षा क्षेत्रमा धेरै सुधारको खाँचो छ भन्ने देखाउँछ ।

८. सरकारी विद्यालयहरूको खराब गुणस्तरका प्रमुख कारणहरू

सरकारी विद्यालयहरूमा शिक्षाको गुणस्तर खराब हुनुमा अनेक कारण छन् । ती मध्ये केही उल्लेख्य कारण निम्न हुन्:

अपर्याप्त वजेटः विद्यालय शिक्षामा सरकारले ठूलो लगानी गरेको भए पनि विद्यार्थी संख्या लगायतका कारण छुट्याइएको वजेट प्रायः सबै विद्यालयको आवश्यकतालाई पूरा गर्न अपर्याप्त हुन्छ ।

योग्य शिक्षकको अभावः शैक्षिक योग्यता, तालिम, र दक्षताका दृष्टिले सरकारी विद्यालयमा राम्रा शिक्षक दरबन्दी भए पनि धेरै वर्ष देखि दरबन्दी अनुसार शिक्षक नभएकाले राजनीतिक र व्यक्तिगत् पहुँचका आधारमा धेरै शिक्षक भर्ना गरिएको छ । यसरी नियुक्त गरिएका अधिकांश शिक्षकहरूमा योग्यता र दक्षता माथि प्रश्न उठ्ने गरेको छ ।

अपर्याप्त संरचनाः कक्षा कोठा, प्रयोगशाला र पुस्तकालयको अभावले सिकाइ प्रभावित भएको छ । विद्यार्थी संख्याको अनुपातमा कक्षा कोठा छैनन् । अधिकांश विद्यालयमा आभारभूत प्रयोगशाला समेत छैन । स्रोत सम्पन्न पुस्तकालय अर्को समस्या हो ।

विद्यार्थी–शिक्षक अनुपातः भरिभराउ, भीडभाड कक्षामा विद्यार्थी संख्याका कारण शिक्षकले विद्यार्थीलाई व्यक्तिगत् तहमा ध्यान दिन नसक्ने स्थिति छ ।

राजनीतिकरणः शिक्षक भर्ना, व्यवस्थापन समितिको गठन, वजेट लगायतमा व्यापक राजनीतिकरण हुनु नेपालको सार्वजनिक विद्यालय शिक्षा कमजोर हुनु एउटा महत्वपूर्ण र दुखदायी कुरा बनेको छ ।

९. शिक्षाको गुणस्तर सुधार गर्ने उपायहरू

नेपालको सार्वजनिक विद्यालय शिक्षामा देखिएका यी चुनौतीहरूलाई समाधान गर्न र शिक्षाको गुणस्तर सुधार गर्न विभिन्न उपायहरू अपनाउन सकिन्छः

वजेट वृद्धिः सबै विद्यालयहरूका लागि पर्याप्त र समान वजेट विनियोजन गरिनु पर्छ । विशेष गरी ग्रामीण र पछाडि परेका क्षेत्रमा आवश्यकताका आधारमा वजेट छुट्याउनु पर्छ ।

शिक्षक तालिमः शिक्षकको शीप र ज्ञान बढाउन शिक्षक तालिम कार्यक्रमहरूमा अझ वढी लगानी गर्नु पर्छ ।

संरचना विकासः कक्षाकोठा, प्रयोगशाला र पुस्तकालयलाई आवश्यकताका आधारमा थपेर वा स्तर उन्नति गरेर विद्यालय संरचनामा सुधार गर्नु पर्छ । यसो गर्न सकियो भने सिक्ने वातावरण राम्रो हुन सक्छ ।

विद्यर्थी–शिक्षक अनुपातः प्रत्येक विद्यार्थीलाई शिक्षकले ध्यान पुऱ्याउन सक्ने गरी आवश्यक संख्यामा शिक्षक नियुक्त गरिनु पर्छ ।

समुदायको संलग्नताः विद्यालय व्यवस्थापन र निर्णय प्रक्रियामा समुदायलाई अझ वढी संलग्न गराउने वातावरण मिलाउनु पर्छ ।

नीतिगत स्थिरताः शिक्षा नीतिहरूमा एकरूपता र स्थिरता हुनु आवश्यक छ । शिक्षामा राजनीतिकरण पूर्ण रूपमा बन्द गरिनु पर्छ ।

निष्कर्षः

नेपालले विद्यालय शिक्षामा विद्यार्थी भर्ना, लैङ्गिक समानता जस्ता पक्षमा उल्लेख्य प्रगति गरेको छ । तथापि, बीचैमा विद्यालय छाड्ने दर, सरकारी विद्यालयको शैक्षिक गुणस्तर र अपर्याप्त संरचना जस्ता चुनौतीहरू अझै कायम छन् । यी समस्याहरू समाधान गर्न विभिन्न क्षेत्र र पक्षमा महत्वपूर्ण कामहरू गर्नु आवश्यक छ । वजेट वृद्धि, शिक्षक तालिम, संरचना विकास र समुदायको संलग्नता जस्ता कुरामा विशेष ध्यान दिनु पर्ने छ । यी उपायहरू कार्यान्वयन गरेर नेपालले सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षा दिन र शैक्षिक लक्ष्य पूरा गर्न सक्छ । *(पुनिता कुमारी साह रूपनगर क्याम्पसमा बिबिएस दोश्रो वर्षकी छात्रा हुन् ।) साभारः रूपनगर क्याम्पस फिचर सेवा*

रोचक

यस्तो गाउ जहाँ जुत्ता लाउन पाइँदैन

भारतको तमिलनाडुको मदुराईबाट करिब २० किलोमिटरको दूरीमा रहेको एक गाँउमा जुत्ताचप्पल नलगाउने परम्परा छ । कलिमायन नामक यस गाँउमा सयौं र्षदेखि जुत्ताचप्पल लगाउन नपाउने नियम छ । यहाँ जुत्ताचप्पल लगाएको देखेमा स्थानीय रिसाउने र सजाय दिने गर्दछन् । कतिसम्म भने अभिभावक नै साना बालबालिकालाई समेत जूत्ताचप्पल लगाउन मनाही गर्दछन् । जुत्ताचप्पल नलगाउने परम्पराको पछाडि अनौठो कारण छ । खासमा त्यस गाउँमा अपाच्छी नामक देवताको सदियौंदेखि पूजा हुदैँ आएको छ । उनीहरु अपाच्छी देवताले नै उनीहरुको रक्षा गर्ने मान्यता राख्दछन् । उनै देवताप्रति अपार आस्था देखाउन यस गाउँ भित्र जुत्ताचप्पल नलगाउने रित बसेको हो । अब यसमा अझै रोचक त के छ भने यदि उनीहरु बाहिर जानु परे हातमा चप्पल बोकेर आउँछन् र गाउँबाट बाहिर पुगेपछि मात्र पहिरिन्छन् । त्यस्तै गाउँ भित्रनु अघि फेरी जुत्ताचप्पल खोलेर खालीखुट्टा जान्छन् । एजेन्सी

अन्तर्राष्ट्रिय

मौरिटानियाको तटमा पानी जहाज दुर्घटना २५ जनाको मृत्यु, १९० बेपत्ता

मौरिटानियाको तटमा एउटा पानी जहाज दुर्घटनाग्रस्त भएको छ । मिडिया रिपोर्टका अनुसार हालसम्म २५ आप्रवासीको मृत्यु भएको र कयौं बेपत्ता भएका छन् । राजधानी नौआकचोट नजिकै भएको घटनामा आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठन (आईओएम) ले १९० भन्दा बढी मानिस अझै बेपत्ता रहेको र उनीहरुको उद्धारका लागि उद्धार कार्य जारी रहेको बताएको छ । एक कोस्ट गार्ड कमाण्डरले मौरिटानियाको तटरक्षकले १०३ आप्रवासीलाई उद्धार गरेको र २५ शव निकालेको बताएका छन् । यसअघि जुलाई २२ मा डुङ्गा पल्टिनुअघि करिब ३०० जनाले काठको डुङ्गामा गाम्बिया छोडेका र सात दिनसम्म समुद्रमा बिताएका आईओएमले जनाएको छ । कोस्ट गार्ड आउनुअघि १५ जनाको मृत्यु भइसकेको थियो भने १० जनालाई गम्भीर अवस्थामा अस्पतालमा भर्ना गरिएको थियो । यसअघि जुलाई ५ मा पनि यस्तै घटना भएको थियो । जसमा मौरिटानियन तटरक्षकले पल्टिएको डुङ्गाबाट ८९ आप्रवासीको शव निकालिएको थियो ।आईओएमले धेरै आप्रवासीहरू मोरक्कोको तटमा अवस्थित क्यानरी टापुहरूमा पुग्ने प्रयास गरेको बताएको छ । पश्चिम अफ्रिकादेखि स्पेनसम्मको यो रुट विश्वको सबैभन्दा खतरनाक रुटमध्ये एक हो ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दभिर्कताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

दोषीलाई कारवाही गर्ने सहमति गरुडाको अवस्था सामान्य



मधेशदृष्टि
रौतहट ।
रौतहटको मध्यभाग गरुडा बजारस्थित शेख कलिमुल्लाहलाई हातपात भएपछि तनावग्रस्त बनेको अवस्था सामान्य भएको छ । कलिमुल्लाहलाई कुटपिट गरि भागेका समूहलाई कारबाही गर्ने सर्तमा भएको सहमतिपछि बिहीबार साँझ गरुडा बजारको अवस्था सामान्य भएको हो । त्यसअघि दोषीलाई पक्राउको माग गर्दै कलिमुल्लाहका नेतृत्वमा बिहीबार गरुडामा प्रर्दशनसहित केही समय चक्का जाम गरिएको थियो ।
कलिमुल्लाहलाई बुधबार गरुडा स्थित एनआइसी बैक अगाडि बसिरहेको अवस्थामा एक समूहले कुटपिट गरि भागेका थिए । गरुडा नगरपालिका वडा नम्बर ६ का पूर्वअध्यक्ष अशोक कुमार यादवको ईशारामा उनकै मानिसहरूले दुर्व्यवहार गरेको कलिमुल्लाहले आरोप लगाएका थिए । ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपीले घटनाको छानबिन गर्न र घटनामा समलग्नलाई पक्राउ गर्न प्रहरीले चासो नदेखाएको उनको आरोप थियो ।
कलिमुल्लाह नेकपा एमालेको मधेश प्रदेश सदस्य तथा गरुडा नगरपालिकाको मेयर प्रत्याशी रहेका हुन् भने बिपक्षी भनिएका गरुडा नगरपालिका वडा नम्बर ६ का पूर्व वडाध्यक्ष अशोक यादव नेकपा एकीकृत समाजवादी समर्थित रहेका छन् ।
समाजवादी नेता रामकुमार भट्टराईको ईशारामा ईलाका प्रहरी कार्यलय गरुडाका प्रमुख डिएसपीले चासो नलिएको भन्दै कलिम्मुलाह पक्षका मानिसले आलोचना गर्दै बिहीबार दिउँसो गरुडा बजारमा टायर बालेर प्रर्दशन सहित चक्का जाम गरेका थिए । बिहीवार अपरान्ह आरोपीमाथि कारबाही गर्ने सर्तमा सहमति भएको बताइएको छ । ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी रामेश्वर त्वातिले कलिमुल्लाहले आरोपीबिरुद्द लिखित जाहेरी दिएको बताउँदै घटनाबारे अनुसन्धान गरी कारबाही गर्ने प्रतिवद्धता जनाएका छन् । जाहेरी ल्यसुनुस हामी अनुसन्धान गरी दोषीलाई कारवाही गर्छुभन्दा भन्दै कलिमुल्लाह र उनका समर्थकले अनावश्यक आन्दोलनमा उत्रिएको डिएसपी त्वातिले गुनासो गरेका छन् ।

श्रोत नखुलेको रकमसहित भारतीय नागरिक पक्राउ

सञ्जय मिश्रा
रौतहट ।
रौतहटको सदरमुकाम गौरस्थित सशस्त्र प्रहरीसहित संयुक्त टोलीले चार लाख रुपैयाँभन्दा बढी अबैध रुपैयाँसहित एक जना भारतीय नागरिकलाई पक्राउ गरेको छ । गौर नगरपालिका–२ भन्सार ईलाकामा प्रस्तावित सीमा सुरक्षा गुल्म गौरका प्रमुख डिएसपी राजेश कुमार श्रेष्ठको कमाण्डमा सशस्त्र बल नेपाल र नेपाल प्रहरीको भन्सार सुरक्षा गार्डको संयुक्त टोलिले भारतबाट नेपालतर्फ आउदै गरेको विआर ३० एसी ७९१४ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा मोटरसाइकलको भाइजर भित्र लुकाएको चार लाख ४० हजार रुपैयाँ बरामद भएको हो ।मोटरसाइकल चालक भारत बिहार जिल्ला सितामढी बैरगनिया–८ असोगी टोल बस्ने वर्ष ४७ को प्रदिप कुमार वर्मालाई श्रोत नखुलेको नेपाली रुपैयाँ चार लाख चालिस हजार र हिरो स्प्लेन्डर मोटरसाइकलसहित नियन्त्रणमा लिएको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी बिक्रम हुमागाईंले जानकारी दिए । पक्राउ परेका वर्मालाई आवश्यक कारबाहीको लागि बरामद रुपैयाँ र मोटरसाइकलसहित जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

दुई करोड बराबरको सामान बरामद

मधेशदृष्टि
वीरगंज ।
जिल्ला प्रहरी कार्यालय पर्साले दुई वटा ट्रकसहित दुई करोड रुपैयाँ बराबरको सामान बरामद गरेको छ । प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले करिब करोड मूल्य बराबरका भन्सार छलीका काजु, ज्वानो र ईलेक्ट्रोनिक्स सामानसहित २ वटा ट्रकलाई नियन्त्रणमा लिएको हो ।
तस्करी नियन्त्रण अभियान अन्तरर्गत पर्सा प्रहरीले चेकजाँच गर्ने क्रममा ना ५ ख २९१२ र ना.३ ख ७७२७ नम्बरको ट्रकहरूबाट भन्सार छलीको एक करोड ८२ लाख ६ हजार रुपैयाँ मूल्य बराबरको काजु, ज्वानो र ईलेक्ट्रोनिक्स सामानहरू बरामद भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी दिपक भारतीले जानकारी दिए । प्रहरीले विशेष सूचनाको आधारमा चेकजाँच गर्ने क्रममा वीरगंज महानगरपालिका वडा नम्बर २५ ड्राइपोर्ट एरियाबाट दुईटा ट्रकहरु नियन्त्रणमा लिएको डिएसपी भारतीले बचाए । बरामद सामानसहित दुवै ट्रकलाई आवश्यक कारवाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा पठाइएको प्रवक्ता भारतीले जानकारी दिए ।

सर्पले डस्दा सात वर्षीया बालिकाको मृत्यु

मधेशदृष्टि
वीरगंज ।
विषालु सर्पले डस्दा पर्साको ठोरीमा एक सात वर्षीया बालिकाको मृत्यु भएको छ ।
ठोरी गाउँपालिका वडा नम्बर १, घोलगाउँ निवासी बिजय लामा थिङ्गकी सात वर्षीया छोरी एलिसा थिङ्गको सर्पदंशको कारण मृत्यु भएको इलाका प्रहरी कार्यालय ठोरीले जनाएको छ ।
बुधबार राति सुतिरहेको ठाउँमा बालिकालाई विषालु सर्पले टोकेको र उपचारको लागि बिहीबार बिहान ४ बजे एम्बुलेन्स मार्फत वीरगंजस्थित नारायणी अस्पतालमा ल्याउने क्रममा बीच बाटोमै बालिकाको मृत्यु भएको मृतकका आफन्त मदन मोक्तानले जानकारी दिए ।
वर्षायाममा गर्मीसँगै सर्पदंशका घटनासमेत बढ्ने हुँदा हाल नारायणी अस्पतालमा दैनिक रुपमा चार÷पाँच जनाभन्दा बढी सर्पदंशका बिरामी उपचारका लागि आउने गरेको नारायणी अस्पतालका आकस्मिक सेवा कक्षमा प्रमुख डा. दिलिप चौरसियाले जानकारी दिए ।

ट्याक्टरको ठक्करबाट किशोरको मृत्यु

मधेशदृष्टि
रौतहट ।
रौतहटको गरुडा नगरपालिका अन्तर्गत ट्याक्टरको ठक्करबाट एक जनाको मृत्यु भएको छ । गरूडा नगरपालिका–४ चिनिमिलस्थित सडकमा नम्बर नखुलेको ट्याक्टरको ठक्करबाट साइकलयात्री वडा नम्बर ३ मलाही टोल बस्ने १६ वर्षीय सन्देश साहको मृत्यु भएको हो । बुधबार राति भएको दुर्घटनामा गम्भीर घाइते भएका साहको प्रादेशिक अस्पताल गौरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । हाल फरार ट्याक्टर चालकको खोजी तथा दुर्घटनाको सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

रंगपुर जंगलमा पुरुषको शव फेला

मधेशदृष्टि
वीरगंज ।
पर्साको पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर २ रंगपुर नजिकैको जंगलमा एक पुरुषको शव फेला परेको छ ।
पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर २ बन्कुल घर भएका ५५ वर्षीय अरुण महत्तो उराँवको शव रंगपुर गाँउ नजिकको जंगगलमा बिहीबार फेला परेको प्रहरीले जनाएको छ ।
एक हप्ताअघि घरबाट निस्किएर परिवारको सम्पर्कविहिन रहेका उराँवको शव बिहीबार बिहान जंगलमा शव भेटिएको हो । घाँस दाउरा गर्न जंगलमा गएका स्थानीयले जंगलभित्र शव देखेपछि प्रहरी चौकी रंगपुरटाँडीमा खबर गरेका थिए ।
त्यसपछि प्रहरी चौकी रंगपुर टाँडी र इलाका प्रहरी कर्यालय पटेर्वा सुगौलीबाट खटिएको प्रहरी टोलीले शव भेटिएको स्थानमा पुगेर शवको मुचुल्का गरी मृतकको शव पोष्टमार्टमका लागि वीरगंज स्थित नारायणी अस्पतालमा पठाएको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक मोहनजंग थापाले जानकारी दिए । घटनाका बारेमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

अनुचित लेनदेनसम्बन्धी उजुरीका चाङ

महोत्तरी ।
स्थानीय प्रशासन तथा प्रहरी कार्यालयमा अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी निवेदनका चाङ लागेका छन् । आर्थिक वर्ष २०८०÷८१ सम्म दुई हजार पाँच सय ७३ वटा निवेदन फस्र्यौट नभएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।
महोत्तरीमा यस प्रकृतिका निवेदन दुई हजार आठ सय नौवटा परेकामध्ये दुई सय ३५ वटा मात्र फस्र्यौट भएका छन् । अदालतमा विचाराधीन मुद्दा धेरै भएकाले निराकरणमा जटिलता भएको प्रहरी नायब उपरीक्षक सन्तुलाल जयसबार बताउँछन् ।
सरकारले मिटरब्याजबाट ठगिएकालाई उजुरी गर्न आह्वान गरेपछि स्थानीय प्रशासन र प्रहरी कार्यालयमा निवेदनको चाङ लागेको उनले बताए । कानुनी सीमाका कारण धेरै मुद्दामा निर्णायक छलफल नै हुन नसकेको उनको कथन छ । रासस

वडाको सीमा विवाद समाधानका लागि समिति

मधेशदृष्टि
बारा ।
बारा जिल्लामा दुई वटा स्थानीय तहका दुई वटा बीच भएको सीमा विवादको विषय समाधानका लागि समिति गठन गरेको छ । बाराको कलैया उपमहानगरपालिका वडा नम्बर २६ र महागढिमाई नगरपालिका वडा नम्बर १० दुई वडाबिचमा देखिएको सिमा तथा जग्गा विवाद समाधान गर्न बिहीबार जिल्ला समन्वय समिति बाराको बैठक बसेको थियो ।
उक्त समन्वय समितिका प्रमुख नरेन्द्र साहको अध्यक्षतामा बसेको बैठकले स्थानीय निकाय गठन ताकाको नक्सा र निर्णय पत्ता लगाई प्रतिवेदन पेश गर्न ६ सदसिय छानविन समिति गठन गरेको हो ।
समितिलाई ७ दिनभित्र प्रतिवेदन पेश गर्न भनेको छ । बैठकमा पूर्व सांसद रामबाबु कुमार यादव, कलैया उपमहानगरपालिकाका प्रमुख बिनोद साह, महागढिमाई नपाका प्रमुख उपेन्द्र यादव, बाराका प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरे, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बाराका प्रहरी उपरीक्षकहरु, नापी तथा मालपोत कार्यालयका प्रमुखहरु, सम्बन्धित वडाका अध्यक्षलगायतको सहभागिता रहेको थियो ।

लागुऔषधसहित दुई जना पक्राउ

मधेशदृष्टि
वीरगंज ।
पर्सा प्रहरीले प्रतिबन्धित लागुऔषधसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बाराको जितपुर सिमरा उपमहानगरपालिका वडा नम्बर ७ निवासी २५ वर्षीय सुरज साह कलवार र सोही ठाउँका २० वर्षीय सलमान अन्सारी रहेका छन् । वीरगंज महानगरपालिका वडा नम्बर २५ खल्वाटोलस्थित सडकखण्डबाट दुबै जनालाई लागुऔषधसहित पक्राउ गरेको प्रहरीले जनाएको छ । सशस्त्र प्रहरी बल नेपाल र जिल्ल प्रहरी कार्यालय पर्सा मातहतको प्रहरी चौकी सिर्सियाबाट खटिएको संयुक्त चेकजाँच टोलीले उनीहरुलाई पक्राउ गरेको हो ।
उनीहरुले लगाएको जुत्ता र शरीरमा कालो प्लाष्टिकमा लुकाईछिपाई राखिएको अवस्थामा ३८ पत्तामा ५७० ट्याब्लेट नाइट्राभेट बरामद भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक भारतीले जानकारी दिए । उनकाअनुसार दुवै जनालाई नियन्त्रणमा लिएर लागुऔषध सम्बन्धी कसूरमा आवश्यक अनुसन्धान भइरहेको छ ।

करेन्ट लागेर एकको मृत्यु

मधेशदृष्टि
रौतहट ।
रौतहटमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । जिल्लाको दक्षिणीभेग बौधिमाई नगरपालिकामा बिहीबार करेन्ट लागेर एक जना पुरुषको मृत्यु भएको हो । मृत्यु हुनेमा ५५ वर्षीय सुनेसर राय यादव रहेको प्रहरीले जनाएको छ । बौधिमाई नगरपालिका वडा नम्बर ५ कोपवा गाउँमा विद्युतीय मोटरबाट खेतमा पानी पटाउनेक्रममा बिहीवार साँझ करेन्ट लागेर यादवको मृत्यु भएको हो ।

नगर समितिको दोश्रो पालिका अधिवेशन सम्पन्न

मधेशदृष्टि
वीरगंज ।
नेपाल शिक्षक महासंघ वीरगंज महानगरपालिका नगर समितिको दोश्रो पालिका अधिवेशन तथा शपथ ग्रहण कार्यक्रम सम्पन्न भएको छ । नेपाल शिक्षक महासंघ जिल्ला समितिको कार्यालय वीरगंजमा सम्पन्न दोश्रो पालिका अधिवेशन तथा सपथ ग्रहण कार्यक्रममा वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, महासंघ पर्साका अध्यक्ष तीर्थराज यादव, नेपाल राष्ट्रिय शिक्षक संघका पर्सा अध्यक्ष प्रदिप कुमार जयसवाल, संगठनका शिवनाथ प्रसाद थारु, संघीय शिक्षक फोरम पर्साका सचिव सुमन प्रसाद सोनार, एकिकृत अखिल शिक्षक संगठन पर्साका अध्यक्ष रमेश चौधरी, मधेशी फोरम लोकतान्त्रिक पर्साका अध्यक्ष हासिम अन्सारी लगायतका वक्ताहरुले मन्तव्य व्यक्त गरेका थिए ।
कार्यक्रममा महानगरपालिकाको उपप्रमुख इम्तियाज आलमले राम्रोसँग पठन पाठन गर्न शिक्षकलाई आग्रह गर्दै कसैसँग नडराउन र समस्या परेमा आफ्नो साथ रहने प्रतिवद्धता व्यक्त गरे । त्यस्तै, महासंघका जिल्ला अध्यक्ष तीर्थराज यादवले कसैको आदेशमा गरिने सरुवा आफूहरुलाई मन्जुर नरहेको र अपारदर्शी दरवन्दी मिलानको कडा प्रतिवाद गरिने चेतावनी दिए । महासंघको दोश्रो पालिका अधिवेशनबाट निर्वाचित अध्यक्ष प्रदिप कुमार जयसवाल, सहअध्यक्ष लालबाबु प्रसाद यादव, उपाध्यक्ष सहाबुद्दिन अहमद, सचिव सुमन प्रसाद सोनार, सहसचिव सरस्वती गौतम बराल, विजय कुमार यादव, महिला सदस्य पूर्णिमा साह, शान्ति श्रेष्ठ र सदस्यहरुमा ऋतुञ्जय मिश्र, बाबुनन्द पटेल, भुषण चौवे, नेजामुल हक अन्सारी, शिवनाथ थारु, अवध प्रसाद साह, भरत सहनी, जिउत राम र विनोद प्रसाद चौहानलाई सपथ ग्रहण गराइएको जिल्ला अध्यक्ष यादवले जानकारी दिए ।

विमान दुर्घटनाका मृतकप्रति श्रद्धाञ्जली

मधेशदृष्टि
वीरगंज ।
जनता समाजवादी पार्टी (जसपा) नेपालले बुधबार भएको सौर्य एयरलाइन्सको विमान दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गरेको छ । पार्टीका अध्यक्ष उपेन्द्र यादवले बिहीबार शोक विज्ञप्ति जारी गर्दै उक्त विमान दुर्घटना परी मृत्युहुनेहरुप्रति श्रद्धाञ्जली व्यक्त गरे । उनले शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदन प्रकट गरेका छन् । विमान दुर्घटनाको सत्य तथ्य छानबिन गरी दोषीमाथि कारबाही गर्नुका साथै घाइतेको उपचार र मृतकका परिवारजनलाई क्षतिपूर्ती उपलब्ध गराउन जसपा नेपालले सरकार समक्ष माग गरेको छ । यसैबीच आम जनता पार्टीले पनि विमान दुर्घटनामा मृत्युभएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारमा गहिरो समवेदना प्रकट गरेको छ ।

आजपाले एक विज्ञप्ति जारी गर्दै घाइते पाइलटको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । बुधबार विहान काठमाडौँबाट पोखरा उडानको क्रममा सौर्य एयरलाइन्सको नाईन एए–एएमइ कलसाइन रहेको चालकदलसहित १९ जना सवार विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग–२ बाट टेकअफ गर्ने बित्तिकै दाँयातर्फ दुर्घटनामा परेको थियो । दुर्घटनामा परी १८ जनाले ज्यान गुमाइसकेका छन् भने घाइते पाइटलको उपचार भइरहेको छ ।

पोखरा विमानस्थलको भ्रष्टाचार छानबिन गर्न माग

मधेशदृष्टि
वीरगंज ।
पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको पूर्ण सञ्चालनमा भएको ढिलाइ र निर्माणमा भएको भ्रष्टाचारको आरोपमा पोखराबासी आक्रोशित भएका छन् । राष्ट्रिय एकता अभियानकी उपाध्यक्ष टिका कुमारी छिरिंगले कास्कीका प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र पठाएकी छन्, जसमा विमानस्थलको निर्माणमा भएको भ्रष्टाचार र प्रविधिक त्रुटिहरूलाई लिएर गम्भीर चिन्ता व्यक्त गरिएको छ । ज्ञापन पत्रमा विमानस्थल उद्घाटन भएको डेढ वर्ष बितिसक्दा पनि पूर्ण रुपमा सञ्चालनमा नआउँदा पोखराबासीमा निराशा र आक्रोश बढेको उल्लेख छ । उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीमाथि ठेकेदार कम्पनीहरूसँग मिलेर कमिशनको लागि प्रविधिक त्रुटिहरूलाई बेवास्ता गरेको आरोप लगाइएको छ । संसदीय छानबिन उपसमितिले सार्वजनिक सुनुवाइका क्रममा प्रदीप अधिकारी कार्यक्रममा उठेर भागेको घटनाले पोखराबासीलाई अपमानित गरेको र उनको असक्षमता प्रकट गरेको उल्लेख गरिएको छ । विमानस्थल निर्माणका क्रममा भएका प्रविधिक त्रुटिहरू, सुरक्षा मापदण्डहरूको अवमूल्यन र ठेकेदार कम्पनीहरूसँगको मिलीभगतले विमानस्थलको गुणस्तरमा कमी आएको उल्लेख छ ।

ज्ञापन पत्रमा महानिर्देशक प्रदीप अधिकारीलाई तुरुन्त बर्खास्त गर्न, निर्माणमा भएका सम्पूर्ण प्रविधिक त्रुटिहरूको जिम्मा अधिकारीले लिनु पर्ने, छानवीन प्रक्रिया सम्पन्न नभएसम्म अधिकारीलाई पदबाट निलम्बन गर्न, स्वतन्त्र अनुसन्धान समिति गठन गर्न लगायतको बुँदा राखिएको छ । ज्ञापन पत्रमा टिका कुमारी छिरिंगको नेतृत्वमा भएको प्रतिनिधिमण्डलमा ध्रुवराज चालिसे, विष्णु प्रसाद तिवारी, चित्र कुमारी गुरुङ, इन्द्र गुरुङ, नारायण गिरी, र रामेश्वर अधिकारी उपस्थित थिए । पोखराबासीले ज्ञापन पत्रलाई गम्भीरतापूर्वक लिएर सम्बोधन गर्न प्रधानमन्त्रीलाई जोडदार आग्रह गरेका छन् ।

चार जनामा हैजा पुष्टि

मधेशदृष्टि
वीरगंज ।
ललितपुरमा चार जनामा हैजाको सङ्क्रमण पुष्टि भएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा भएको परीक्षणमा हैजा पुष्टि भएको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका इपिडिमियोलोजी तथा महामारी व्यवस्थापन शाखाका प्रमुख डा मुकेश पौडेलले जानकारी दिए ।

हैजा पुष्टि भएका सबै युवा ललितपुरको गोदावरी नगरपालिका–१४ मा स्थिति सुधार केन्द्रका हुन् । उनीहरुमध्ये दुई जना उपचारका क्रममा भागेका छन् भने अन्य दुईजनामध्ये एक जना शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल र अर्को एक जनाको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ ।

ललितपुर जनस्वास्थ्य कार्यालयका प्रमुख डा भुवन पौडेलले सुधार केन्द्रमा रहेका युवामा एक्कासी झाडापखाला देखिएको र परीक्षण गराउँदा हैजा पुष्टि भएको बताए । उनले झाडापखाला फैलिएको क्षेत्रमा सङ्क्र, प्रदेश र स्थानीय तहको सहयोगमा सङ्क्रमण रोकथाम गरिएको जानकारी दिए ।

शाखाका प्रमुख डा पौडेलले सुधार केन्द्रमा इनारको पानी प्रयोग गरिएको र उक्त पानी दुषित रहेको बताए । उनले भागेका दुई जनालाई हैजाको प्रारम्भिक उपचार गरेकाले उनीहरुबाट अन्यमा सर्ने सम्भावना कम भएको बताए । उनले बर्खायामसँगै पानीजन्य रोग बढ्ने भएकोले पानी उमालेर खान अनुरोध गरेका छन् ।

नेपाल–भारत सम्बन्ध शताब्दीयौं पुरानोः भाजपा सांसद

मधेशदृष्टि
वीरगंज ।
एनयुजेआई रक्सौल अनुमण्डल इकाईको आयोजनामा नेपाल–भारत सम्बन्धको विगत र वर्तमान विषयमा गोष्ठी तथा अभिनन्दन समारोह सम्पन्न भएको छ । वाईएस रिसोर्ट रक्सौलको अडिटोरियममा आयोजना गरिएको कार्यक्रममा शिक्षा, स्वास्थ्य, समाजसेवा, कला, संस्कृति, खेलकुद, पत्रकारितालगायतका विभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गर्ने तथा भारत सरकार र बिहार सरकारका विभिन्न प्रतिस्पर्धात्मक परीक्षामा सफल भएका १०१ जना सहभागीहरुलाई सम्मान गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि बीजेपी सांसद तथा

बिहार प्रदेशका पूर्व अध्यक्ष डा सञ्जय जैसवाल, विशेष अतिथि एसएसबी कमाण्डेन्ट विकास कुमार, नेपालकी सांसद वीणा शर्मा, महेरका संस्थापक तथा निर्देशक लुसी कुरियम, विशेष अतिथिमा नेपालका विधायक तथा पूर्व केन्द्रीय मन्त्री जितेन्द्र सोनल, नेपाल सरकारका पूर्व केन्द्रीय शिक्षामन्त्री रामचन्द्र कुशवाहा, पूर्व केन्द्रीय राज्यमन्त्री करिना बेगम, पूर्वमन्त्री श्यामविहारी प्रसाद, नेपालका पूर्वमन्त्री ओमप्रकाश शर्मा, संविधानसभा सदस्य रामचन्द्र प्यासी कुशवाहा, पूर्व विधायक पहलाद गिरीलगायतको उपस्थिति रहेको थियो । वक्ताहरुले नेपाल–भारत सम्बन्ध शताब्दीयौं पुरानो रहेको बताए । यो नाता बेटी र रोटीको नाता हो । आगामी दिनमा पनि यो सम्बन्ध कायम रहनेछ । आपसी माया, सद्भाव र भाइचाराको सम्बन्धलाई मजबुत बनाउनु पर्ने कार्यक्रमको प्रशंसा गर्दै वक्ताहरुले यस कार्यक्रमको आयोजना गरेकोमा कार्यक्रमको प्रशंसा गरे । कार्यक्रममा नेपाल र भारतका विभिन्न क्षेत्रका प्रवुद्ध व्यक्तित्वहरुको सहभागिता रहेको थियो ।

उपराष्ट्रपति यादवसँग स्वीट्जरल्याण्डका राजदूतको शिष्टाचार भेट

मधेशदृष्टि
वीरगंज ।
उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि स्वीट्जरल्याण्डका राजदूत डा डेनियल म्यूली मोन्टेलियोनले लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेट गरेकी छन् ।

भेटमा शुभकामना आदानप्रदान पश्चात द्विपक्षीय सम्बन्ध, विकास सहयोग, लगानी तथा व्यापार, पर्यटनलगायतका विषयमा छलफल भएको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ । उपराष्ट्रपति यादवले सन् १९५६ मा कूटनीतिक सम्बन्ध स्थापना भए पश्चात नेपाल र स्वीट्जरल्याण्डबीचको सम्बन्ध मैत्रीपूर्ण तथा सौहार्दपूर्ण रहेको र नेपालले स्वीट्जरल्याण्डसँगको सम्बन्धलाई उच्च प्राथमिकता दिँदै आएको बताए । उनले नेपालको विकास पथमा मित्रराष्ट्र स्वीट्जरल्याण्डको निरन्तर साथ र सहयोग रहनेमा आशावादी रहेको बताए ।

उनले बहुपक्षीय मञ्चमा जलवायु परिवर्तनलगायतका अन्तर्राष्ट्रिय मुद्दाहरुमा स्वीट्जरल्याण्डको महत्वपूर्ण भूमिकाको प्रशंसा गर्दै आपसी हितका विषयमा दुईपक्षीय र बहुपक्षीय मञ्चमा दुवै देशको सहकार्य निरन्तर कायम रहनेमा आफू आशावादी रहेको बताए ।

भेटमा स्वीट्जरल्याण्डका राजदूत डेनियल म्यूली मोन्टेलियोनले नेपाल र स्वीट्जरल्याण्ड असलमित्र भएको जनाउँदै स्वीस सरकारले नेपालमा रहेको तीनै तहको सरकारलाई बलियो बनाउँदै सङ्घीयतालाई सबल र सुदृढ बनाउनमा सहयोगका लागि इच्छुक रहेको बनाए । उनले स्वीस लगानीकर्तालाई नेपाल भित्याएर नेपालको विकासमा सहयोग पुर्याउने चाहनासमेत व्यक्त गरे ।

मधेश प्रदेश लोकसेवा आयोगको अध्यक्षमा डा. यादव नियुक्त

मधेशदृष्टि
जनकपुरधाम ।
मधेश सरकारले प्रदेश लोकसेवा आयोगको अध्यक्षमा डा. शिवराम यादवलाई नियुक्त गरेको छ ।

सिरहा नगरपालिका १३ गम्हरिया घर भएका ५७ वर्षीय डा. यादवलाई बिहीबार सरकारले आयोगको अध्यक्षमा नियुक्त गरेको हो । मुख्यमन्त्री सतिश कुमार सिंहले उनलाई आयोगको अध्यक्षमा नियुक्त गरेको जानकारी प्रदेश प्रमुख सुमित्रा भण्डारीलाई गराएका छन् । डा. यादवलाई आयोगको अध्यक्ष पदको शपथ शुक्रबार गराउने तयारी गरिएको मुख्यमन्त्री सचिवालयले जानकारी दिएको छ । उमेर हद नाघेको कारण अध्यक्ष सुरेन्द्रप्रसाद यादव २०८० फागुन २२ गते अवकाश प्राप्त गरेपछि सो पद रिक्त थियो । आयोगको एक सदस्य पनि रिक्त छ ।

अब लोकसेवाको प्रथमपत्र पास गर्न ४५ अंक चाहिने

मधेशदृष्टि
वीरगंज ।
लोकसेवा आयोगले लिने लिखित परीक्षाको प्रारम्भिक चरणको प्रथम पत्र र पाठ्य योजनासम्बन्धी व्यवस्थामा परिवर्तन गरेको छ । शाखा अधिकृत, नायब सुब्बा र खरिदार तहको प्रथमपत्रमा अब उत्तीर्ण हुन मात्रै ४५ अंक ल्याउनुपर्ने भएको छ । हालसम्म ४० अंक ल्याए उत्तीर्ण हुने व्यवस्था थियो । लोकसेवा आयोगले आर्थिक २०८१/८२ को विज्ञापनदेखि लागु हुने गरी सार्वजनिक गरेको पाठ्यक्रममा अब १०० अंकको प्रारम्भिक चरणको परीक्षामा पास भएर दोस्रो चरणको लिखित परीक्षमा सहभागी हुन ४५ अंक ल्याउनैपर्ने व्यवस्था गरेको हो । यसैगरी अब पहिलो पत्रमा प्राप्त भएको कूल प्राप्तांकको ५० प्रतिशत अंक दोस्रो पत्रको प्राप्ताङ्कमा जोडिने व्यवस्था पनि हटेको छ । अर्थात् अब प्रथम पत्रको परीक्षा 'छनोट परीक्षा'का रुपमा मात्रै रहनेछ । दोस्रो पत्रमा पहिलो पत्रमा आएको कुल अंकको आधा अंक जोडिने व्यवस्था हटेको हो । लिखित परीक्षाको प्रथम चरणमा प्रारम्भिक परीक्षा हुने र यो प्रारम्भिक परीक्षालाई छनोट परीक्षाको रुपमा मात्र लिई प्राप्तांकलाई मूल परीक्षाको अंकमा समावेश नगर्ने व्यवस्था गरिएको हो ।

एसिया कप खेलेर फर्कियो महिला क्रिकेट टोली

मधेशदृष्टि
वीरगंज ।
एसिसी महिला एसिया कप खेल्न श्रीलंका पुगेको नेपाली राष्ट्रिय महिला टोली स्वदेश फर्किएको छ । नेपाल क्रिकेट संघ (क्यान)का अनुसार टोली श्रीलंकन एअरलाइन्समार्फत बिहीबार दिउँसो त्रिभुवन विमानस्थलमा ओर्लिएको हो । तेस्रोपल्ट एसिया कपमा सहभागी भएको नेपालले युएईलाई ६ विकेटले पराजित गरेको थियो भने पाकिस्तानसँग ९ र भारतसँग ८२ रनले पराजित हुँदै नेपाल समूहचरणबाट बाहिरिएको थियो । नेपाली महिला टोलीका कप्तान इन्दु बर्माले एसिया कपबाट आफ्नो टोलीले ठूलो प्लेटफर्ममा खेल्न सक्छौं भन्ने सन्देश दिएको बताएकी छन् । उनले भनिन्, 'टुर्नामेन्ट सुखद र रोमाञ्चक भयो । यति ठूलो प्लेटफर्ममा खेल्न पाउनु नै ठूला कुरा थियो । हामीले खेल्न सक्छौं भन्ने सन्देश गएको छ । टेस्ट नेसनहरुलाई फाइट दिँदा चैँ हामीले पोटेन्सीयल देखाउन सक्यौं जस्तो लाग्छ ।' युएईसँग भने कसरी हुन्छ जित चाहिन्छ भन्ने रहेको उनले बताइन् । त्यसपछि पाकिस्तानलाई कडा फाइट दिने रणनीति बनाएर सक्दो प्रयास गरेको उनको भनाइ थियो ।

उनले टोलीमा धेरै कमजोरीहरू रहेको स्वीकारिन् । उनले भनिन्, 'हामीले सुधार गर्नुपर्ने चिज धेरै छ। बलिङ, ब्याटिङ, फिल्डिङमा सबै पक्षमा सुधार गर्नुपर्ने छ। हामीले अझै मिहिनेत गरेर सुधार गर्दै गयौं भने ठूला टिमलाई बिट गर्न सक्छौं ।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन